# नेपाल पुनर्बीमा कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
# Nepal Reinsurance Co. Ltd. (Nepal Re.)
(An undertaking of Nepal Government)
नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त

ने.पु.बी.कं.लि.सं.स. २०८१/८२ च.नं. ५७१ मिति: २०८१/०४/२३

संचालक समिति

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर।

श्री नेपाल बीमा प्राधिकरण,
कुपण्डोल, ललितपुर।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

विषय: अध्यक्ष पद रिक्त भएको जानकारी सम्बन्धमा ।

यस कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२)(क) अनुसार यस कम्पनीको सञ्चालक समितिमा समूह "क" नेपाल सरकारबाट मनोनित अध्यक्ष सहित ३ (तीन) जना सञ्चालक सदस्य रहने व्यवस्था बमोजिम नेपाल सरकार (माननीय अर्थमन्त्रिस्तर)को मिति २०७९/०८/१९ को निर्णयानुसार अर्को व्यवस्था नभएसम्मको लागि अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक सदस्य श्री इश्वरी प्रसाद अर्याललाई यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष पदमा कामकाज गर्न तोकिएकोमा निज उमेरहदको कारण मिति २०८१/०४/१८ देखि नेपाल सरकार, अर्थ मन्त्रालय, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदबाट अवकास हुनुभएको जानकारी गराउनु भएको हुँदा यस कम्पनीको अध्यक्ष पद स्वत: रिक्त भएको व्यहोरा जानकारीको लागि हार्दिक अनुरोध गर्दछौं।

संलग्न: सञ्चालक समितिको निर्णय उतार - थान १

बोद्धार्थ:
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं।
श्री आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड,
टेकु, काठमाडौं।

Ishwar Pradhan
(इश्वर प्रधान)
कम्पनी सचिव

निर्णय उतार

# नेपाल पुनर्बीमा कम्पनी लिमिटेड

## Nepal Reinsurance Company Limited

### सञ्चालक समिति

**बैठक नं. ५३५** **मिति: २०८१ साल श्रावण २२ गते मंगलवार**

बैठकबाट देहाय बमोजिम निर्णय गरियो ।

निर्णय नं. १

विषयः बैठकको अध्यक्षता गर्ने सम्बन्धमा।

सञ्चालक समितिका अध्यक्ष श्री इश्वरी प्रसाद अर्यालको उमेरहदको कारण मिति २०८१/०४/१८ देखि नेपाल सरकार, अर्थ मन्त्रालयमा सहसचिव पदबाट अवकास भएको व्यहोरा जानकारी गराउनु भएको हुँदा यस कम्पनीको अध्यक्ष पद स्वतः रिक्त हुने भएकोले बीमा ऐन,२०७९ को दफा ५२(४) को व्यवस्था बमोजिम अध्यक्षको अनुपस्थितिमा ज्येष्ठ सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ भन्ने व्यवस्था र कम्पनीको नियमावलीको नियम ३८(५) बमोजिम उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ भन्ने व्यवस्था अनुरुप ज्येष्ठ सञ्चालक श्री नवराज मुडभरीले बैठकको अध्यक्षता गर्ने र अध्यक्षको पद खाली भएको जानकारी नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउन व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरियो।

प्रमाणित गर्ने

Ishwar Pradhan

(इश्वर प्रधान)

कम्पनी सचिव